# आरुघाट गाउँपालिकाको खानेपानी उपभोक्ता तथा सरसफाई समितिको विधान, २०८०(नमुना)

प्रस्तावना: आरुघाट गाउँपालिका वडा नं .....................को ...........................स्थानमा गठित ........................................... नामको खानेपानी तथा सरसफाई उपभोक्ता समिति, आरुघाट गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता ऐन, २०७८ को परिच्छेद .............., दफा ........................... ले दिएको अधिकार प्रयोग गरी मितिमा बसेको उपभोक्ताहरुको भेलाको निर्णयले यस खानेपानी उपभोक्ता तथा सरसफाई समितिको विधान २०७८ पारित गरिएको छ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम, ठेगाना, कार्यक्षेत्र र प्रारम्भ**

क. यस विधानलाई..................................................समितिको नाम.................................... खानेपानी उपभोक्ता तथा सरसफाई समितिको विधान २०७.. भनिने छ।

ख. समितिको नाम: यस समितिको नाम ............................................... खानेपानी उपभोक्ता तथा सरसफाई समिति रहने छ।

ग. समितिको ठेगाना: यस समितिको ठेगाना आरुघाट गाउँपालिका वडा न. ............... रहनेछ ।

घ. समितिको कार्यक्षेत्र: यस समितिको कार्यक्षेत्र आरुघाट गाउँपालिका, वडा न ................... मा रहेका ............................................................................ टोलहरु कार्यक्षेत्र रहने छ।

ङ. यो विधान आरुघाट गाउँपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

## परिच्छेद-२

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,

क. विधान भन्नालेः ............................................................................ खानेपानी उपभोक्ता तथा सरसफाई समिति, आरुघाट गाउँपालिका वडा न ........................ ........................... को विधान २०७........ लाई सम्झनु पर्दछ

ख. समिति भन्नाले: यस विधान बमोजिम गठन भएको ............................................................. खानेपानी उपभोक्ता तथा सरसफाई समितिलाई सम्झनु पर्दछ।

ग. अध्यक्ष भन्नाले: समितिको अध्यक्षलाई सम्झनु पर्दछ।

घ. उपाध्यक्ष भन्नालेः समितिको उपाध्यक्षलाई सम्झनु पर्दछ।

ङ. कोषाध्यक्ष भन्नालेः समितिको कोषाध्यक्षलाई सम्झनु पर्दछ।

च. सचिव भन्नालेः समितिको सचिवलाई सम्झनु पर्दछ।

छ. सदस्य भन्नालेः समितिका सदस्यलाई सम्झनु पर्दछ।

ज. उपभोक्ता सदस्य भन्नालेः समितिको कार्यक्षेत्रका खानेपानी तथा सरसफाई सेवा साभग्राही एक घरधुरी एक व्यक्ति, संस्था, समूह आदिलाई सम्झनु पर्दछ।

झ. ऐन भन्नाले :आरुघाट गाउँपालिकाद्वारा स्वीकृत भएको खानेपानी तथा सरसफाई र स्वच्छता ऐन, २०७८ लाई सम्झनु पर्दछ।

ञ. योजना भन्नाले : समितिको कार्य क्षेत्रमा सञ्चालन भएको वा हुने खानेपानी तथा सरसफाई सम्बन्धि योजना/आयोजना/कार्यक्रमलाई सम्झनु पर्दछ।

ट. गाउँपालिका भन्नालेः आरुघाट गाउँपालिकालाई सम्झनु पर्दछ।

ठ. विषेश साधारणसभा भन्नालेः समितिको गठन/विघटन आर्थिक कारोवार निर्माण संशोधन खारेज, विपद् जस्ता गम्भिर अवस्था तथा विषयमा बस्ने सभालाई सम्झनु पर्दछ ।

## परिच्छेद-३

३. **समितिको उद्देश्य**ः समितिको उदेश्य समितिको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्।

क. समितिको कार्य क्षेत्रमा सञ्चालन भएको वा हुने खानेपानी तथा सरसफाई सम्बन्धी सञ्चालन, संरक्षण, सम्वर्द्धन तथा मर्मत संभार गर्नु।

ख. खानेपानी तथा सरसफाई योजना कार्यक्रमको प्रभावकारी व्यवस्थापन तथा नियमित सञ्चालन गर्नु।

ग. उपभोक्ताहरुलाई खानेपानी तथा सरसफाई सम्बन्धी सचेतना अभिवृद्धि गर्नु।

घ. कोषको व्यवस्था गर्नु ऐन बमोजिम कोषबाट रकम खर्च गर्नु, लेखा राख्नु, लेखा परीक्षण गर्नु गराउनु।

ङ. ऐनमा व्यवस्थित समितिसँग सम्बन्धित प्रावधानको पूर्ण पालना तथा कार्यान्वयन गर्नु।

च. आरुघाट गाउँपालिका वा गाउँ कार्यपालिकाको कार्यलयको निर्देशनको पालना वा गाउँपालिका र गाउँ कार्यपालिकाको कार्यलयले तोकेको अन्य कार्य गर्नु।

छ. भौगोलिक कार्यक्षेत्र भित्रका खानेपानी एवं सरसफाईसँग सम्बन्धित सबै समितिलाई तीन महिना भित्र एकीकृत गर्नु।

## परिच्छेद- ४

सभा, बैठक, कार्यप्रणाली र निर्णय

**४. सभा सम्बन्धी व्यवस्था :**

क. उपभोक्ता भेलाले गठित समिति ........................................गाउँपालिकामा दर्ता भएपश्चात सो समितिले ३ महिना भित्र अनिवार्य रुपमा प्रारम्भिक साधारण सभा हुनेछ, प्रत्येक आर्थिक वर्ष पुरा भए पश्चातको तीन महिना भित्रमा वार्षिक साधारण सभा सम्पन्न हुनुका साथै सो बाहेक अन्य विशेष अवस्था परेमा जुनसुकै समयमा समितिको विशेष सभा बस्न सक्ने छ ।

ख. समितिको अध्यक्षको निर्देशनमा सचिवले कम्तीमा अठचालीस घण्टा अगावै सभाका एजेण्डा सहित निखित वा मौखिक वा माबाईलका साथै अन्य डिजिटल माध्यामबाट सभाका सदस्यलाई सभामा आमन्त्रण गर्नु पर्नेछ ।

ग. गणपुरक संख्याः कम्तीमा ५१ प्रतिशत उपभोक्ता सदस्य उपस्थित भएमा सभाको गणपुरक संख्या मानिने छ ।गणपुरक संख्या नपुगेमा सात दिन भित्र पुनः बैठक बोलाउनुपर्ने छ ।

घ. सभाको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ। निजको अनुपस्थितीमा उपाध्याक्षले सभाको अध्यक्षता गर्नेछ। उपाध्याक्ष समेत अनुपस्थित भएमा उपभोक्ताहरु मध्ये जेष्ठ सदस्यले सभाको अध्यक्षता गर्नेछ ।

ङ. निर्धारित समयमा सभा नगरेमा २५ प्रतिशत उपभोक्ता सदस्यको लिखित निवेदनले समितिको अध्यक्ष वा उपाध्याक्ष वा सचिवले सात दिन भित्र सभा बोलाउनु पर्ने छ ।

च. सभाका अध्यक्षले पूर्व निर्धारित कार्यसूची तथा एजेण्डाहरु समितिमा प्रस्तुत गरी बहुमत सदस्यबाट पारित गराउनु पर्ने छ। अध्यक्ष सचिवलाई समाबाट भएका निर्णयहरुको अभिलेख खडा गर्न लगाई प्रमाणित गर्नु पर्ने छ। यस सम्बन्धी कागजात सचिवले सुरक्षित गरी राख्नु पर्नेछ ।

**५. समिति गठन सम्बन्धी व्यवस्थाः**

क. सभाका सदस्यहरुले आफूहरूमध्यबाट सर्वसम्मत वा निर्वाचन गरी कार्यकारी निकायको रुपमा देहाएको समिति गठन गर्नेछ ।

अध्यक्षः .........................................................................१

उपाध्यक्षः ........................................................................... १

सचिवः ...............................................................................१

कोषाध्यक्षः ..........................................................................................१

सदस्यहरुः ...........................................................................................३

ख. उपदफा (१) बमोजिम समिति गठन गर्दा अध्यक्ष,सचिव,कोषाध्यक्षमध्ये एक सहित कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्य रहने छन् ।

ग. समितिको कार्यकाल तीन वर्षको हुने छ ।

घ. समितिको बैठक प्रत्येक दुई महिनाको एक पटक बस्नेछ । समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले कम्तीमा चौबीस घण्टा अधावै एजेण्डा सहित लिखित वा मौखिक वा माबाईला एस एम एस वा अन्य डिजिटल माध्यामबाट समितिका सदस्यलाई बैठकमा आमन्त्रण गर्नुपर्ने छ ।

ङ. गणपुरक संख्यामाः २५ प्रतिशत उपभोक्ता सदस्य उपस्थित भएमा समितिको गणपुरक संख्या मानिने छ। गणपुरक संख्या नपुगेमा तीन दिन भित्र पुन बैठक बोलाउनुपर्नेछ। अध्यक्षता समितिको अध्यक्ष गर्ने छ । निजको अनुपस्थितीमा उपाध्याक्षले सभाको अध्यक्षता गर्ने छ ।

च. उपाध्यक्ष समेत अनुपस्थित भएमा उपभोक्ताहरु मध्ये जेष्ठ सदस्यले सभाको अध्यक्षता गर्नेछ

छ. निर्धारित समयमा बैठक नबोलाएमा २५ प्रतिशत उपभोक्ता सदस्यको लिखित निवेदनले समितिको अध्यक्ष वा उपाध्यक्ष वा सचिवले तीन दिन मित्र बैठक बोलाउनु पर्ने छ ।

ज. यस विधानमा लेखिएका सबै कार्यहरु कार्यकारी निकायको रुपमा समितिको नामबाट सम्पादन हुनेछन्।

झ. समितिको बैठकबाट पारित कार्यसूची तथा एजेण्डाहरु सभामा प्रस्तुत गरी बहुमत सदस्यबाट पारित गराउनु पर्ने छ । अध्यक्षले समितिका सभाबाट भएका निर्णयहरु को अभिलेख खडा गर्न लगाई प्रमाणित गर्नु पर्ने छ । यस सम्बन्धीका अभिलेखहरु सचिवले सुरक्षित गरी राख्नु पर्नेछ ।

## ६. समितिहरु एकीकरण र यसका आधारहरु :

क. भौगोलिक कार्यक्षेत्र भित्र रहेका यस सम्बन्धीका अन्य समितिहरु तीन महिना भित्रमा लागत सहभागिता, भूमिका निर्वाह, जोखिम बहन, लाभ वितरणका आधारमा आपसी समझदारीमा एकीकरण गरिनेछ । एकीकरणपूर्व कुनै समितिका कोषमा सन्चित रकमलाई आपसी सहमतीबाट मिलान गरी परिचालन गरिने छ ।

## ७. कार्यसमिति तथा पदाधिकारीको राजीनामाः

क. समितिका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन ।

ख. अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत समितिको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर समितिले निर्णय गरे बमोजिम हुनेछ ।

ग. उपभोक्ता समितिलाई कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरु उपर अविस्वास लगे यथोचित कारण देखाई समितिका ६०% सदस्यहरुले विशेष साधारणसभा राखी अविस्वासको प्रस्ताव पेश गर्न सक्नेछ। अविस्वासको प्रस्ताव उपर छलफलगरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मत निर्णयलाई बढी  जोड दिईनेछ ।

**परिच्छेद- ५**

## ८. विविध

क. विधान संसोधन गर्नुपर्ने भएमा समितिले स्वीकृत गरेपछि साधारणसभामा पेश गरिनेछ। साधारण सभामा उपस्थित सदस्यहरुको दुईतिहाई बहुमतले बिधान संशोधन हुनेछ।

ख. प्रचलित ऐन, नियमहरुसंग बाझिएका बुंदाहरु बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।